# व्यावसायिक पशुपालन एकीकृत सर्वेक्षण २०७८

## व्यावसायिक पशुपालन व्यवसाय/फार्महरुको लगत फाराम

## गणना निर्देशिका

**परिचयः**

नेपालको कृषि तथ्याङ्क संकलन गर्ने प्रणालीलाई सुदृढीकरण गर्न विश्व खाद्य तथा कृषि सँगठनको आर्थिक तथा प्राविधिक सहयोगमा कृषि तथा पशुपन्छी मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभागको संयूक्त आयोजनामा आर्थिक वर्ष २०७७/०७८ मा नेपालभरि व्यावसायिकरुपमा संचालन भईरहेका पशुपालन व्यवसायहरुको एकीकृत पशुपालन सर्वेक्षण कार्यक्रम सञ्चालन गर्न लागिएको हो । यस सर्वेक्षणको लागि परिभाषित व्यावसायिकरुपमा सञ्चालित पशुपालन व्यवसायहरुबाट मुख्य प्रश्नावली र रोटेटिङ मोड्युल अन्तर्गत उत्पादन विधि तथा वातावरण मोड्युलसँग सम्बन्धित विभिन्न विवरण संकलन गर्न लागिएको छ ।

मुलुकभरि व्यावसायिकरुपमा संचालन भईरहेका सम्पूर्ण पशुपालन व्यवसाय/फार्महरुको लगत संकलन गर्न र व्यावसायिकरुपमा पशुपालन कार्यमा संलग्न कृषक/व्यवसायीहरुको सूची तयार गर्नका लागि व्यावसायिक पशुपालन फार्महरुको लगत (Listing Form) तयार पारिएको छ । यस फाराममा तोकिएको मापदण्ड अनुसारको पशुपालन गर्ने कृषक/व्यवसायको विवरण (लगत) मात्र नभइ व्यवसायले पालेका पशुहरुको विवरण पनि लिनु पर्दछ । यस कार्यको लागि सर्वप्रथम उक्त जिल्लामा रहेका सम्भावित तथ्यांकका श्रोतहरु पत्ता लगाई (जस्तै  भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र, स्थानीय तह, पशुपालक कृषक समुह/संघ/संगठन आदि) उनीहरु कहाँ गई यस सूचीकरण कार्यको लागि उल्लेख गरिएको मापदण्ड अनुसारको संख्यामा पालिएका विभिन्न पशु व्यवसायहरु रहेको स्थान तथा सम्पर्क नम्बर पत्ता लगाई उक्त कृषक/व्यवसायलाई प्रत्यक्ष भेटी वा टेलिफोन मार्फत सम्पर्क गरि फाराममा उल्लेख गरे अनुसारको विवरण (लगत) क्रमैसंग लिनुपर्दछ ।

यस सर्वेक्षणमा तोकिएको मापदण्ड (संख्या) पुगेका नेपालभरिका पशुपालक कृषक वा व्यावसायहरुको सूचि तयार गरी वैज्ञानिक विधिबाट छनौट गरिएका पशुपालक कृषक वा व्यावसायहरुमा CAPI प्रविधिको प्रयोग गरी प्रत्यक्ष अन्तरवार्ता मार्फत Core & PME Module अन्तर्गतका  विस्तृत विवरण संकलन गरिनेछ ।

**उद्देश्य**

- यस सर्वेक्षणको मुख्य उद्देश्य मुलुकभरि व्यावसायिकरुपले सञ्चालनमा रहेका पशुपालन व्यवसायहरु (ठूला र मझौला)को आर्थिक, सामाजिक तथा वातवरणीय तथ्याङ्क संकलन गरि कृषि विकासका लागि राष्ट्रिय स्तरका योजना तर्जुमा एवं नीति निर्माण गर्न आवश्यक पर्ने व्यावसायिक पशुपालन सम्वन्धी तथ्याङ्कको खाँचो पूर्ति गरी योजनाविद् र नीति निर्माताहरुलाई सघाउ पुर्‍याउने रहेको छ ।
- FAO को कार्यक्षेत्र भित्रका केहि SDG Indicator हरुको आकलन गर्नु वा आकलन गर्न सधाउ पुर्‍याउने तथ्याङ्क संकलन गर्नु रहेको छ ।

**पशुपालन व्यवसाय (फार्म)**

यस सर्वेक्षण प्रयोजनको लागि पशुपालन व्यवसायहरुको सूची तयार गर्दा निम्नानुसारको व्यावसायिकरुपले दर्ता गरि वा दर्ता नगरि कम्तिमा तल तालिकामा उल्लेख गरिए अनुसार पशुहरु पालिएका कृषक वा पशुपालन व्यवसायलाई यहाँ समावेश गर्नुपर्दछ ।

| क्र.सं. | पशुपालन व्यवसायको प्रकार | पशुको नाम | संख्या | | |
|---|---|---|---|---|---|
| | | | तराई | पहाड | हिमाल |
| १ | गाईपालन व्यवसाय | दुध दिने उमेर समुहका गाई | १० | १० | ८ |
| २ | भैंसीपालन व्यवसाय | दुध दिने उमेर समुहका भैंसी | ८ | ८ | ५ |
| ३ | राँगा/पाडापालन व्यवसाय | मासु प्रयोजनका लागि राँगा/पाडा | १५ | १५ | १० |
| ४ | बाखा/च्याङ्ग्रापालन व्यवसाय | ६ महिना वा सोभन्दा माथीका बाखा/च्याङ्ग्रा | ५० | ५० | ५० |
| ५ | भेँडापालन व्यवसाय | ६ महिना वा सो भन्दा माथीका भेँडा/भेँडी | ५० | ५० | १०० |
| ६ | मासु प्रयोजनका सुँगुर/बँगुरपालन व्यवसाय | ६ महिना वा सो भन्दा माथीका मासु प्रयोजनका लागि पालिएका सुँगुर/बँगुर | २५ | २५ | २५ |
| ७ | प्रजनन प्रयोजनका पोथी सुँगुर/बँगुरपालन व्यवसाय | ६ महिना वा सो भन्दा माथीका प्रजनन प्रयोजनका लागि पालिएका पोथी सुँगुर/बँगुर | १५ | १५ | १० |
| ८ | गाई र भैंसीपालन व्यवसाय | यदि गाई र भैंसी दुवैपालन गर्ने व्यवसाय भए कम्तिमा दुध दिने उमेर समुहका गाई र भैंसीको जम्मा संख्या | १० | १० | १० |
| ९ | बाखा/च्याङ्ग्रा र भेँडापालन व्यवसाय | यदि बाखा/च्याङ्ग्रा तथा भेँडा दुवैपालन गर्ने व्यवसाय भए कम्तिमा ६ महिना वा सो भन्दा माथीको बाखा/च्याङ्ग्रा तथा भेँडा दुवै गरि जम्मा संख्या | ५० | ५० | १०० |
| १० | गाई/भैंसीपालन र बाखा/च्याङ्ग्रा/ भेँडापालन व्यवसाय | यदि गाई वा भैंसी सँगै बाखा/च्याङ्ग्रा वा भेँडा पनि पालिएको व्यवसायी भए कम्तिमा दुध दिने उमेर समुहका गाई वा भैंसीको संख्या, | ५ + | ५ + | ५ + |
| | | र कम्तिमा ६ महिना वा सो भन्दा माथीको बाखा/च्याङ्ग्रा वा भेँडाको जम्मा संख्या | २५ | २५ | ५० |

## सूचिकरणको लागि सम्भावित तथ्यांकका श्रोतहरु

व्यवसायिक पशुपालन गर्ने व्यवसायहरुको सूची तयार गर्दा सर्वप्रथम निम्न सम्भावित तथ्यांकका श्रोतहरुमा पुगी माथी उल्लेख गरिएका न्यूनतम मापदण्ड पुराभएका पशुपालक कृषक/व्यवसायहरुको सूचीकरण लगत फाराममा उल्लेख भए अनुसारको विवरण संकलन गर्नुपर्दछ।

- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश सरकार
- पशुसँग सम्बन्धित जोन/सुपरजोन/प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाहरु
- जिल्लास्थित भेटेरिनरी अस्पाताल तथा पशु सेवा विज्ञ केन्द्र अथवा सम्पर्क कार्यालय
- जिल्लास्थित एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
- जिल्लास्थित गाईपालक कृषक समूह/संघ/संगठन

- जिल्लास्थित भैसीपालक कृषक समूह/संघ/संगठन
- जिल्लास्थित बंगुरपालक कृषक समूह/संघ/संगठन
- जिल्लास्थित बाख्रापालक कृषक समूह/संघ/संगठन
- जिल्लास्थित घरेलु /घरेलु तथा साना उधोग कार्यालय
- गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.को पशु सेवा शाखा
- गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.को प्रोफायलहरु
- पशुपालक अगुवा कृषक
- पशुपालक कृषक (स्नोबल विधि मार्फत)
- जिल्लास्थित ठूला पशुदाना व्यावसायी, भेटेनरी ल्किनिक (ठूला पशुपालकको जानकारी लिन)
- आर्थिक गणना २०७४
- विभिन्न लेख, रचना, सर्वेक्षण तथा प्रतिवेदनहरु

## पशुपालन फार्महरुको लगत फाराम (Listing Form) भर्ने तरिका

**जम्मा पाना संख्या**...........**को पाना नं**...........

यो फारामको माथिल्लो भागको दाहिने कुनामा जम्मा पाना संख्या .... को पाना नं. .... भनी लेखिएको छ र लगत संकलन कार्य गर्दा हरेक थपिने पानामा यो संख्या लेख्दै जानु पर्दछ । जसले जिल्लाभरिको लगत फाराम सिलसिलेवार राख्न सहयोग पुर्‍याउँदछ । उदाहरणको लागि यदि कुनै जिल्लामा १० पाना लगत फाराम भरिएका छन् भने पहिलोमा जम्मा पाना संख्या १० को पाना नं. १, दोश्रोमा जम्मा पाना संख्या १० को पाना नं. २ गर्दै अन्त्यमा जम्मा पाना संख्या १० को पाना नं. १० लेख्नु पर्दछ ।

**जिल्ला**.

सबैभन्दा पहिले आफूले भर्न लागेको फाराममा लगत संकलन गर्न लागेको जिल्लाको नाम लेख्नु पर्दछ ।

**पशुपालन व्यवसाय/फार्मको नाम (महल २)**

यस अन्तर्गत माथि दिईएको मापदण्ड अनुसार पशुपालन गरिएका व्यवसाय/फार्मको नाम लेख्नुपर्दछ । यदि कृषक परिवारको व्यवसायको नाम नभएमा उक्त परिवारको मुख्य कृषकको नाम यहाँ उल्लेख गर्नुपर्दछ ।

**पशुपालन व्यवसायको प्रकारको कोड (महल ३)**

यस अन्तर्गत उक्त व्यवसाय गाईपालन गरेको भए कोड १, भैँसीपालन गरेको भए कोड २, मासु प्रयोजनको लागि राँगा/पाडापालन गरेको भए कोड ३, बाख्रा/च्याङग्रापालन गरेको भए कोड ४, भेँडापालन गरेको भए कोड ५, मासु प्रयोजनको लागि सुँगुर/बँगुरपालन गरेको भए कोड ६, प्रजनन् प्रयोजनको लागि पोथी सुँगुर/बँगुरपालन गरेको भए कोड ७, गाई र भैँसी दुवै पालन गरेको भए कोड ८, बाख्रा/च्याङ्ग्रा र भेँडा दुवै पालन गरेको भए कोड ९ तथा गाई वा भैँसी र बाख्रा/च्याङ्ग्रा वा भेँडापालन गरेको भए कोड १० लेख्नुपर्दछ ।

**प्रमुख कृषक/व्यवसायीको नाम (महल ४)**

यस अन्तर्गत उक्त व्यवसायमा पालिएका पशुहरुको सम्पूर्ण रेखदेख गर्ने र जानकारी राख्ने मुख्य व्यक्ति वा व्यवसायको मुख्य मालिक (Owner) को नाम लेख्नुपर्दछ ।

**नगरपालिका/गाँउपालिकाका तथा वार्ड नं. (महल ५, ६, ७ र ८)**

यस अन्तर्गत लगत संकलन गर्न लागिएको पशुपालन व्यवसाय रहेको स्थान नगरपालिका वा गाँउपालिका कुन ठाँउमा अवस्थित छ सोधी महल ५ मा नयाँ अर्थात हालको नगरपालिका/गाँउपालिकाको नाम र महल ६ मा वडा नं लेख्नुपर्दछ भने महल ७ र महल ८ मा सो ठाउँ पहिला कुन नगरपालिका वा गाँउपालिका तथा वडा अन्तर्गत पर्दथियो सोधी सो नाम र वडा नं. क्रमशः लेख्नुपर्दछ ।

**सम्पर्क नम्बर (महल ९)**

यस अन्तर्गत महल ४ मा उल्लेख गरिएका व्यवसायी वा कृषकको सम्पर्क नम्बर (Mobile Number) लेख्नुपर्दछ ।

**दर्ता गरेको छ १ छैन २ (महल १०)**

यस अन्तर्गत पशुपालन व्यवसाय कुनै पनि सरकारी निकायमा दर्ता गरिएको छ वा छैन सोधी छ भने कोड १ र छैन भने कोड २ लेख्नुपर्दछ ।

**पशुपालन व्यवसायको वैधानिक स्थितिको कोड** ** **(महल ११)**

बैधानिक स्थिती भन्नाले पशुपालन व्यवसाय स्थापना गर्दा जुन कानूनी आधारलाई टेकेर सन्चालन भएको हो, सोही कानूनी आधारलाई सम्झनु पर्दछ । यहाँ व्यक्तिगत, प्राइभेट लिमिटेड, साझेदारी, नेपाल सरकार अर्धसरकारी र सहकारी गरि ५ वटा वैधानिक स्थितीहरु उल्लेख गरिएका छन् । सम्बन्धीत व्यवसायको वैधानिक स्थिती अनुसार उपयुक्त कुनै एक वैधानिक स्थितीको कोड यस महल ११ अन्तर्गत लेख्नुपर्दछ ।

१. **व्यक्तिगत :** कुनै एक व्यक्तिले एकलौटीरूपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सानी आफैले व्यहोर्ने गरी व्यावसायिक पशुपालन व्यवसाय सञ्चालनमा रहेका भए यस शिर्षकअन्तर्गत समावेश गर्नुपर्दछ ।

२. **प्राइभेट लिमिटेड** : पशुपालन व्यवसाय “प्राइभेट लिमिटेड” को रुपमा दर्ता भएको छ भने यस शिर्षकअन्तर्गत समावेश गर्नुपर्दछ ।

३. **साझेदारी :** दुई वा दुईभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा कम, बढी वा समान पूँजी लगानी गरी नाफा नोक्सानी सँगोलमा सोही अनुपातमा व्यहोर्ने भनेर गरिएको सम्झौताको आधारमा खोलिएको पशुपालन व्यवसायलाई यस शिर्षकअन्तर्गत समावेश गर्नुपर्दछ ।

४. **नेपाल सरकार/अर्ध सरकारी :** नेपाल सरकारद्वारा पूर्ण सरकारी स्वामित्वमा सञ्चालन गरिएका पशुपालन व्यवसायहरूलाई नेपाल सरकारको वैधानिक स्थिति भएको मानिनेछ र नेपाल सरकारको पूर्ण स्वामित्व नभई आँशिक नेपाल सरकार तथा आँशिकरुपमा गैह्र सरकारी संस्थाको स्वामित्वमा सञ्चालन गरिएका व्यवसायहरू पनि यसै शिर्षकअन्तर्गत समावेश गर्नुपर्दछ ।

५. **सहकारी :** स्वेच्छापूर्वक, समानता र स्वतन्त्रताको आधारमा एकआपसमा मिलेर आफ्नो आर्थिक समुन्नतिको लागि सामूहिक प्रयास गर्न स्थापित वोर्ड वा संस्था नै सहकारी हो । यसरी सहकारी संस्थाबाट संचालित व्यावसायिक पशुपालन गरिएको भए यस शिर्षकअन्तर्गत समावेश गर्नुपर्दछ ।

**तलबी कामदार संख्या (महल १२)**

यस अन्तर्गत महल २ मा उल्लेख गरिएका पशुपालन व्यवसायमा गणनाको दिनमा महिला र पुरुष गरि जम्मा कति जना तलबी कामदार छ सोधी सो संख्या लेख्नुपर्दछ ।

**दुध दिने उमेर समुहका गाईको संख्या (महल १३)**

यस महल १३ अन्तर्गत गणनाको दिनमा उक्त व्यवसायमा पालिएका २ वर्ष वा सो भन्दा माथीका दुध दिइरहेको वा दुध दिने उमेर पुगेका स्थानीय वा उन्नत वा दुवै जातका गाईको जम्मा संख्या सोधी लेख्नुपर्दछ । यहाँ गणनाको

दिनमा उक्त व्यवसायमा भएका २ वर्ष भन्दा कम उमेरका बाच्छा/बाच्छी वा २ वर्ष वा सो भन्दा माथीका गोरु/साँढे वा दुध दिन छाडी थारो (बुढो) भएका गाईको संख्या उल्लेख गर्नुपर्दैन ।

*यदि कुनै गाई २ वर्ष नपुग्दै गणनाको दिनमा दुध दिइरहेको भए पनि यहाँ सोको संख्या समेत सोधी लेख्नुपर्दछ ।*

**दुध दिने उमेर समुहका भैंसीको संख्या (महल १४)**

यस महल १४ अन्तर्गत गणनाको दिनमा उक्त व्यवसायमा पालिएका ३ वर्ष वा सो भन्दा माथीका दुध दिइरहेको वा दुध दिने उमेर पुगेका स्थानीय वा उन्नत वा दुवै जातका भैंसीको जम्मा संख्या सोधी लेख्नुपर्दछ । यहाँ गणनाको दिनमा उक्त व्यवसायमा भएका ३ वर्ष भन्दा कम उमेरका पाडी वा ३ वर्ष वा सो भन्दा माथीका दुध दिन छाडी थारो (बुढो) भएका भैंसीको संख्या उल्लेख गर्नुपर्दैन ।

*यदि कुनै भैंसी ३ वर्ष नपुग्दै गणनाको दिनमा दुध दिइरहेको भए पनि यहाँ सोको संख्या समेत सोधी लेख्नुपर्दछ ।*

**मासु प्रयोजनका राँगा/पाडाको संख्या (महल १५)**

यस महल १५ अन्तर्गत गणनाको दिनमा पशुपालन व्यवसायले मासु प्रयोजनको लागि पालेका स्थानीय वा उन्नत वा दुवै जातका राँगा/पाडाको संख्या कति वटा छ सोधी सोको एकमुष्ट जम्मा संख्या लेख्नुपर्दछ ।

**६ महिना वा सो भन्दा माथीका बाख्रा/च्याङग्राको संख्या (महल १६)**

यस महल १६ अन्तर्गत गणनाको दिनमा पशुपालन व्यवसायले पालेका ६ महिना वा सो भन्दा माथीका स्थानीय वा उन्नत वा दुवै जातका बाख्रा/च्याङ्ग्राको एकमुष्ट संख्या सोधी लेख्नुपर्दछ । यहाँ गणनाको दिनमा ६ महिना वा सो भन्दा माथीका भाले पोथी दुवै बाख्रा/च्याङ्ग्राको जम्मा संख्या उल्लेख गर्नुपर्दछ ।

**६ महिना वा सो भन्दा माथीका भेँडा/भेँडीको संख्या (महल १७)**

यस महल १७ अन्तर्गत गणनाको दिनमा पशुपालन व्यवसायले पालेका ६ महिना वा सो भन्दा माथीका स्थानीय वा उन्नत वा दुवै जातका भेँडा/भेँडीको एकमुष्ट संख्या सोधी लेख्नुपर्दछ ।

**६ महिना वा सो भन्दा माथीका मासु प्रयोजनका सुँगुर/बँगुरको संख्या (महल १८)**

यस महल १८ अन्तर्गत गणनाको दिनमा पशुपालन व्यवसायले पालेका ६ महिना वा सो भन्दा माथीका मासु प्रयोजनको लागि स्थानीय वा उन्नत वा दुवै जातका सुँगुर/बँगुरको एकमुष्ट संख्या सोधी लेख्नुपर्दछ ।

**६ महिना वा सो भन्दा माथीका प्रजनन प्रयोजनका पोथी सुँगुर/बँगुरको संख्या (महल १९)**

यस महल १९ अन्तर्गत गणनाको दिनमा पशुपालन व्यवसायले ६ महिना वा सो भन्दा माथीका प्रजनन् प्रयोजनको लागि पालेका स्थानीय वा उन्नत वा दुवै जातका पोथी सुँगुर/बँगुरको एकमुष्ट संख्या सोधी लेख्नुपर्दछ ।

**कैफियत (महल २०)**

यस महल अन्तर्गत उक्त व्यवसायको बारे कुनै टिप्पणी वा कुनै समस्या भए छोटो र स्पष्ट हुनेगरि उल्लेख गर्न सकिन्छ ।